# स्थानीय राजपत्र


## भानु नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ०२ संख्याः ६ मितिः २०७६/०८/१९**


### भाग-२
### भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि-२०७६

प्रस्तावना

प्रमाणिकरण मिति २०७६/०८/१७

भानु नगरपालिका भित्र लक्षित समुदायका लागी आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरि सामाजिक न्याय र समानता कायम गर्नका लागी विशेष व्यवस्था गर्न आवश्यक भएकाले नगर कार्यपालिकाको मिति २०७६/०८/१७ गतेको निर्णयानुसार यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "भानु नगरपालिका सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०७६" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) नगरपालिका भन्नाले भानु नगरपालिकालाइ जनाउनेछ ।

(ख) प्रमुख भन्नाले भानु नगरपालिकाका प्रमुखलाइ जनाउनेछ ।

(ग) उप प्रमुख भन्नाले भानु नगरपालिकाका उप प्रमुखलाई जनाउनेछ ।

(घ) सामाजिक समावेशीकरण भन्नाले नगरपालिका अन्तर्गतका महिला, आदिवासि, जनजाति, दलित,अपाङ्ग,युवा, पिछडिएको वर्ग, मुस्लीम, अल्पसंख्यक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउछ ।

(ङ) संमन्वय समिति भन्नाले भानुनगर कार्यपालकाले गठन गरेको समितिलाई जनाउनेछ ।

## परिच्छेद २
## उद्देश्य

यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छन् ।

(क) समुदायको बहुपक्षिय हित प्रवर्धन गर्नु ।

(ख) सामाजिक समावेशीकरणका लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

## परिच्छेद ३
## कार्यक्रम तर्जुमा

(क) नगरपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी कार्यक्रमहरु तर्जुमा गर्नेछ । सामाजिक समावेशीकरणका कार्यक्रमहरु विकासात्मक वा निर्माणात्मक वा क्षमता विकासमुलक हुन सक्नेछन् । यस्तो कार्यक्रम नगरसभाबाट पारित गारि कार्यान्वयन गरिनेछ ।

(ख) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ ।

❖ **कार्यक्रम तर्जुमाका आधारहरु :**

- दिर्घकालिन लाभजन्य पुर्वाधार तयार गर्ने,
- सम्बन्धित क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्धन गर्ने,
- क्षमता वा सिप विकास र रोजगारिमुलक,
- स्थानिय उत्पादनको सदुपयोग गर्ने,
- स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,
- सभागितामुलक ।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन

(क) सामाजिक समावेशीकरणका सबै कार्यक्रमहरु नगरपालिकाका अन्य योजनानुसार कार्यान्वयन गरिनेछ । नगरपालिकाले निर्धारण

गरे बमोजिम योजना कार्यान्वयन र फरफारक गर्नुपर्नेछ ।
(ख) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा उपभोक्ता समितिमा लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन ।
(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ ।
(घ) सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन ।

## परिच्छेद ५
## समन्वय समिति

कार्यक्रम सञ्चालनका लागी निम्नानुसारको समिति गठन गर्न सकिनेछ ।
(१) अध्यक्ष - नगरपालिका प्रमुख
(२) सदस्य - नगरपालिका उप-प्रमुख
(३) सदस्य - प्रमुख प्रशासकिय अधिकृत
(४) सदस्य - आ.प्र शाखा प्रमुख
(५) सदस्य - कर्यपालिको तोकेको एक जना वडा अध्यक्ष
(६) सदस्य- १ जना कार्यपालिका महिला सदस्य
(७) सदस्य सचिव - सामाजिक विकास शाखा प्रमुख

### समन्वय समितिको काम कर्तव्य र अधिकार :

- लक्षित वर्गका हितमा काम गर्ने,
- नगरपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,
- महिला, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकाहरुको तथ्याङ्क संकलन तथा अभिलेख राख्ने,
- नगरपालिकाको निति निर्माणमा सहयोग पुऱ्याउने,
- महिला,अपाङ्ग, बालबालिका माथी हुने हिंसा न्युनिकरण सम्बन्धी कार्यक्रमा सहजीकरण गर्ने,
- दलितहरु माथी हुने छुवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरुको भाषा संरक्षण सम्बन्धी कार्यक्रममा टेवा पुऱ्याउने
  - आयमूलक, सीपमूलक, रोजगार सृजना गर्ने कार्यक्रम संचालन गर्ने

### संसोधन तथा खारेजी :

यस कार्यविधिमा कुनै संसोधन तथा खारेजी गर्नेपर्ने भए कार्यपालिका बैठकबाट गर्न सकिने छ ।